भगवतीमाई गाउँपालिका
गाउँकार्यपाकिको कार्यालय बेस्तडा
कर्णाली प्रदेश

दैलेख, नेपाल

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चनाथ, दैलेख कर्णाली प्रदेश, नेपाल

**प्रथम पटक सुचना प्रकाशित मिति २०७५/०८/२५ गते**

## विषय :- सिलबन्दी दरभाउपत्र आह्वानको सुचना ।

भगवतीमाई गाउँकार्यपालिकाको कार्यालय दैलेखको आ.ब.०७५।०७६ को स्वीकृत कार्यक्रम अनुसार यस गाउँकार्यपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु बाट आम नागरिकहरुलाई औषधी निःशुल्क बितरण गर्नको लागी आबश्यक पर्ने औषधी तथा स्वास्थ्य सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा रहि ईच्छुक इजाजत प्राप्त **WHO GMP Certified** कम्पनीबाट उत्पादित औषधि तथा स्वास्थ्य सामाग्री बिक्रेता व्यबसायी व्यक्ति वा फर्महरुले **यस भगवतीमाई गाउंकार्यपालिकाको कार्यालय, बेस्तडा दैलेखबाट** पछि फिर्ता नहुने गरी रु.१०००।– यस कार्यालयको संचित खाता १७७००२०१०९३२८८००००१ (प्रभु बैंक भगवतीमाई शाखामा) जम्मा गरी दरभाउपत्र फाराम खरिद गरी १६ औ दिनको १२.०० बजे भित्र शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागी यो दरभाउपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

तपशिल

(१) दरभाउपत्र खरिद गर्दा निम्न कागजातको प्रमाणीत प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(क) फर्म तथा व्यबसाय दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता तथा कर चुक्ता प्रमाणपत्र सहितको नविकरण भएको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(ख) लागत अंकको २.५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको नाममा प्रभु बैंक भगवतीमाई शाखामा रहेको धरौटी खाता नं. १७७००२०१०९३२८८००००४ मा जम्मा गरेको संक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ९० दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगद लाई मान्यता दिईने छैन ।

(२) दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्ने छ । फरक परेमा अक्षरलाई मान्यता दिईने छ । कुनै सर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुने छैन ।

(३) दरभाउपत्र दाखिला गर्ने अन्तीम मिति, **समय र स्थान यो सुचना प्रकाशित भएको १६ औं दिनको १२.०० वजे भित्र यस गाउंकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।** सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा उक्त कार्यहरु गर्न सकिनेछ ।

(४) शिलबन्दी दरभाउपत्र खोलिने समय र मिति र स्थान यो सूचना प्रकाशित भएको १६ औं दिनको २.०० वजे कार्यालय प्रतिनिधिहरुको रोहबरमा यस गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने छ । ठेकेदारको प्रतिनिधिको अनुपस्थीतिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(५) यस सुचनामा उल्लेख भएका कुराहरु पेश नगरी, दरभाउपत्रको रित नपुराई वा ढिलो गरि प्राप्त भएको दरभाउपत्र माथी कुनै कारबाही गरिने छैन ।

(६) दरभाउपत्र स्वीकृत नभएका दरभाउपत्र दाताहरुको धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भएपछि मात्र फुकुवा गरिने छ ।

(७) दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफनो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

(८) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
**औषधी तथा औषधी जन्य स्वास्थ्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्यको लागि** ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा औषधीजन्य स्वास्थ्य सामाग्री बिक्रेता व्यबसायी व्यक्ति वा फर्महरुले मात्र दरभाउपत्र खरिद गर्न पाउने छ । औषधी खरिद तथा सप्लाई कार्यको कार्यालयले दरभाउपत्र **प्याकेजमा** स्वीकृत गरिनेछ र दरभाउपत्रमा उल्लेखित औषधि तथा सामानहरुको परिमाण आवश्यकता अनुसार थपघट हुन सक्ने छ ।

(९) खरिद गरिने औषधि तथा औषधी जन्य सामाग्रीहरु **WHO GMP Certified** कम्पनी बाट उत्पादित हुन पर्नेछ र सप्लाई हुने औषधीको प्रत्येक पत्ता (Strip) बोतल, भाइल, टयुब र सो को प्याकिङ्गमा समेत उत्पादन मिति, एक्सपायर मिति, व्याच नम्बर अनिवार्य रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले कम्तिमा १८ महिनाको हुनु पर्नेछ । औषधि तथा औषधी जन्य सामाग्रीहरुको प्याकिङ्गमा **"नेपाल सरकारबाट निशुल्क बितरणको लागी"** भन्ने लेवल अनिवार्य रुपमा लेख्नु पर्ने छ । म्याद कम भएको औषधि तथा जन्य सामाग्रीहरु प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन । औषधी खरिद तथा सप्लाई दरभाउपत्र दाताले दरभाउपत्र साथ सप्लाई गरिने औषधिको **स्याम्पल (नमुना)** अनिवार्य पेश गर्नु पर्नेछ ।

(१०) सप्लाई गर्ने औषधी Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip मा सप्लाई गर्नु पर्ने छ।

(११) यस सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र सार्वजनिक खरिद नियमावली (चौथो संशोधन), २०७३ अनुसार र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ। दरभाउपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ। दरभाउपत्र सम्बन्धी आबश्यक कुराहरु बुझ्नु परेमा कार्यलय समय भित्र भगवतीमाई गाउंकार्यपालिको कार्यालय बेस्तडा दैलेखमा सर्म्पक गर्न सकिने छ।

तपसिल

| ठेक्का नं. | कामको विवरणहरु | अनुमानित लागत रकम (मु.अ.क. रकम सहित रु.) | जमानत रकम रु. |
|---|---|---|---|
| 16/BRM/075/076 | भगवतीमाई गाउंपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु बाट आम नागरिकहरुलाई औषधी निशुल्क बितरण गर्नको लागी आबश्यक पर्ने औषधी तथा औषधी जन्य स्वास्थ्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्य | १२,१२५५९/- | लागत रकमको २.५ प्रतिशत |

खरिद ईकाइ



Scanned by CamScanner